नगरपालिकाबाट स्वीकृत मिति - २०७८/१२/२३

# शितगंगा नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
ठाडा अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

# शितगंगा नगरपालिका
## विद्युतिय लिफ्ट खानेपानी योजनाको विद्युत महशुलको ७५ प्रतिशत अनुदान दिने कार्यविधि २०७८

# विद्युतिय लिफ्ट खानेपानी योजनाको विद्युत महशुलको ७५ प्रतिशत अनुदान दिने कार्यविधि २०७८

**परिचय**

शितगंगा नगरपालिका क्षेत्र भित्र संचालन भई रहेका विद्युतिय लिफ्ट खानेपानी योजनाहरुको मासिक विद्युत महशुलको ७५ प्रतिशत महशुल शितगंगा नगरपालिकाको नवौं नगर सभाबाट स्वीकृत नीति र वजेट व्यवस्थापन अनुसार हाल यस नगरपालिकामा संचालनमा रहेका लिफ्ट खानेपानी योजनाहरुको ७५ प्रतिशत विद्युत महशुल भुक्तानी गर्ने प्रयोजनका लागि नगरपालिकाले यो विद्युतिय लिफ्ट खानेपानी योजनाको विद्युत महशुलको ७५ प्रतिशत अनुदान दिने कार्यविधि २०७८ तयार गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः१ यस कार्यविधिक नाम **"विद्युतिय लिफ्ट खानेपानी योजनाको विद्युत महशुलको ७५ प्रतिशत अनुदान दिने कार्यविधि २०७८"** रहेको छ ।

२. यो कार्यविधि नगर कार्यपालिकाले पारित गरेको मिति देखि तुरुन्तै लागू हुने छ ।

**परिभाषा** - विषय वा प्रसङगले अर्को अर्थ नलागेमा

क) "नगरपालिका" भन्नाले शितगंगा नगरपालिका सम्झनुपर्छ ।

ख) "व्यवस्थापन/समन्वय समिति" भन्नाले **विद्युतिय लिफ्ट खानेपानी योजनाको विद्युत महशुलको ७५ प्रतिशत अनुदान दिने** कार्यक्रमलाई सु- व्यवस्थित एवं पारदर्शि तवरले सञ्चालन गर्ने र अनुगमन मुल्याङकन गर्ने समेतको समितिलाई बुझ्नुपर्छ ।

ग) "वडा कार्यालय" भन्नाले यस नगरपालिका अन्तर्गतका वडा कार्यलयहरु सम्झनुपर्छ ।

## परिच्छेद - २

## उद्धेश्य, मापदण्ड र क्षेत्र

**उद्धेश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

- विद्युत महशुल भुक्तानी गर्न कठीनाई भई खानेपानीको पर्याप्तता नभएको कारण खानेपानी तथा सरसफाईलाई समेत समस्या परेकोले महशुल भुक्तानीमा अनुदान दिने कार्यक्रम संचालन गर्नु यसको मुख्य उदेश्य रहेकोछ ।)

**क्षेत्र:** यस कार्यक्रमलाई देहाय बमोजिमको क्षेत्रमा विनियोजन गरी खर्च गर्नु पर्दछ ।

- यस नगरपालिकामा निजी प्रयोजन बाहेक समुदायहरुको लागि खानेपानी सुविधा उपलब्ध गराउने उद्धेश्यले निर्माण भएका नगर क्षेत्र भित्रका सवै विद्युतिय लिफ्ट खानेपानी योजनाहरु यसको क्षेत्र पर्दछ ।

**मापदण्ड:** विद्युतिय लिफ्ट खानेपानी योजनाको विद्युत महशुलको ७५ प्रतिशत अनुदान दिने कार्यक्रमको मापदण्ड देहाय बमोजिम रहेको छ ।

- समुदायको लागि खानेपानी सुविधा उपलब्ध गराउने गरी निर्माण भएका विद्युतिय लिफ्ट खानेपानी योजनाहरु ।
- उपभोक्ता समिति संस्था दर्ता अर्न्तगत दर्ता भएको वा मुल दर्ता अर्न्तगत दर्ता भई प्रमाण पत्र लिएको लिफ्ट खानेपानी योजना हुन पर्ने ।
- कम्तीमा १० घर भन्दा बढी घर धुरीलाई समेटेको हुनु पर्ने ।
- समितिको बैंठक बसी नियमितता हुनु पर्ने ।

## परिच्छेद - ३
## समन्वय समिति

विद्युतिय लिफ्ट खानेपानी योजनाको विद्युत महशुलको ७५ प्रतिशत अनुदान दिने कार्यक्रमलाई सु-व्यवस्थित ढंगले अगाडी बढाउन र अनुगमन एवं मुल्याङ्कन गर्न समेत देहाय बमोजिमको समन्वय समिति रहनेछ ।

संयोजक - नगर उप प्रमुख

सदस्य- प्रमुख प्रशासकीय अधिकृत

सदस्य- वडा अध्यक्ष सम्बन्धित वडाका

सदस्य- संयोजक सामाजिक विकास समिति

सदस्य- आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य सचिव- योजना शाखा प्रमुख

- समन्वय समितिको वैठकमा आवश्यकता अनुसार यस्तै खानेपानीको क्षेत्रमा कार्यक्रम संचालन गर्ने व्यक्तिहरुलाई सदस्य एवं विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।
- आफ्नो कार्यविधि थप गर्न, कार्यक्रम संचालन र व्यवस्थापन गर्न समन्वय समिति स्वायत्त हुनेछ ।

**समितिको काम कर्तव्य र अधिकार**

- कार्यविधिको पूर्ण पालना गर्ने गराउने ।
- स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने ।
- आवश्यक परे थप मापदण्ड बनाइ कार्यान्वयन गर्ने ।
- खानेपानीको क्षेत्रमा कार्य गर्ने अन्य निकायहरुसँग समन्वय गर्ने ।

**समितिको बैठक र निर्णय**

- समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।
- समितिको बैठक संयोजकले तोकेको मिति समय र स्थानमा बस्नेछ ।
- समितिको कुल सदस्य संख्याके ५० प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिने छ ।
- समितिको बैठकको निर्णय सदस्य सचिवले उठाउने छ ।

## परिच्छेद -४

## कार्यान्वयन प्रकृया

विद्युतिय लिफ्ट खानेपानी योजनाको विद्युत महशुलको ७५ प्रतिशत अनुदान दिने कार्य निम्न प्रकृयाबाट कार्यन्वयन गरिने छ ।

क. उपभोक्ता समिति वा यस्तै संस्था प्रकृयागत रुपमा दर्ता भई प्रमाण पत्र लिएको वा खानेपानी मुल दर्ता अर्न्तगत दर्ता भई प्रमाण पत्र लिई समुदाय/वस्तीमा खानेपानी सुविधा उपलब्ध गराउने उद्देश्यले संचालन भएका योजनाहरु हुनु पर्ने छ ।

ख. कम्तीमा १० घर धुरी भन्दा बढीको लागि संचालन भएको खानेपानी योजना हुनु पर्ने छ ।

ग. समिति/संस्थाले विल भुक्तानी गरी रसिद वा कार्डको फोटोकपी संलग्न राखी भुक्तानी माग गरे पश्चात सम्बन्धित आ.व.मा नै भुक्तानी भएको रकमको ७५ प्रतिशत रकम

समितिको खातामा भुक्तानी गरिनेछ । तर आषाढ महिनाको विल अर्को आर्थिक वर्षमा भुक्तानी गर्न सकिने छ ।

घ. विल चालु आ.व.को श्रावण महिना देखिको विद्युत महशुलको ७५ प्रतिशत रकम नगरपालिकाले व्यहोर्ने छ ।

ङ. चालु आ.व.को कार्यान्वयनको लागि आवश्यक काजगतहरु सहित विल पेश गर्ने सम्बन्धि ७ दिने सूचना प्रकाशन गरी सोही बमोजिम कार्यान्वनय गरिने छ ।

## परिच्छेद -४
## विविध

३. कार्यक्रमको प्रशासनिक खर्च नगरपालिकाको विनियोजित बजेटबाट व्यहोरिने छ ।

४. बैठक भत्ता नगरपालिकाका अन्य समितिले पाए सरहको बैठक भत्ता दिइने छ ।

५. समितिले आफुले गरेको कामको अभिलेख राख्नु पर्नेछ ।

६. नगरपालिकाले समितिको काम कारवाहीको सन्दर्भमा समितिलाइ निर्देशन दिन सक्नेछ ।

७. नगरपालिकाको निर्णयबाट यस कार्विधिलाइ आवश्यक्ता अनुसार संसोधन तथा परिमार्जन गर्न सकिनेछ ।

**प्रमाणित गने अधिकारीक**

दस्तखत

नाम,थर :-झविन्द्र खनाल

पदः- प्रमुख प्रशासकीय अधिकृत

कार्यालय :- शितगंगा नगरपालिकाको कार्यालय ठाडा

मितिः- २०७८/१२/२३